# हाग्गैको पुस्तक

## यो मन्दिर निर्माणको समय हो

**१** फारसको राजा दाराको दोस्रो बर्षको छैटौं महिनाको
पहिलो दिन हाग्गैलाई परमप्रभुबाट एउटा वचन
प्राप्त भयो। यो वचन यरूबाबेल शालतीएलका छोरा
अनि यहोशू यहोसदाकका छोराका निम्ति थियो। शालतीएल
यहूदाको राज्यपाल थिए अनि यहोशू प्रधान पूजाहारी
थिए। वचन यस प्रकार थियो। २सर्वशक्तिमान परमप्रभु
भन्नुहुन्छ, "मानिसहरू भन्छन्, परमप्रभुको मन्दिर निर्माण
गर्ने यो सही समय होइन।"

३फेरी परमप्रभुको वचन अगमवक्ता हाग्गैबाट आयो,
जसमा भनिएको थियो, तिमीहरू सोच्छौ तिम्रो सही
समय आइ सक्यो। ४"परमप्रभुको मन्दिर नष्ट भएको
समयमा के तिनीहरू काठको घर निर्माण गरेर बस्ने
सही समय आएकोछ भनी सम्झन्छौ? ५यसकारण
सर्वशक्तिमान परमप्रभु भन्नु हुन्छ, 'जुन कुरा तिमी
माथि घटिरहेछ, त्यसको विषयमा सोच्न छोड़। ६तिमीहरूले
रोप्न त धेरै रोप्छौ, तर कट्नी चाँहि कम्ती गर्दछौ।
तिमीहरूले खाना त खान्छौ तर भोकै हुन्छौ। तिमीहरूले
मद्यपान पनि गर्छौ तर नशा लाग्दैन्, तिमीहरू लुगा
पनि लगाउँछौ तर सम्पूर्ण रूपमा तिमीहरूलाई तातो
हुँदैन्, तिमीहरू काम गरेर ज्याला कमाउँछौ, तिमीहरूलाई
थाहा हुँदैन् त्यो कहाँ खर्च हुन्छ, तिमीलाई लाग्छ कि
गोजीमा छेड़ परेकोछ।'"

७सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, "जे जति
तिमीहरूमाथि घटिरहेछ त्यसको बारेमा सोच! ८पहाड़मा
चढ़, काठ ल्याऊ अनि मन्दिर बनाऊ। त्यस समय म
मन्दिरबाट प्रसन्न हुन्छु र सम्मानित हुन्छु।" परमप्रभुले
यी सबै कुराहरू भन्नुहुन्छ।

९सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, "तिमीहरूले धेरै-
बाली पाउने आशा गर्छौ, तर थोरै मात्र प्राप्त गर्नेछौ।
जे जत्ति तिमीहरूले कमाउँछौ अनि घरमा राख्छौ,
त्यसलाई म उड़ाईदिनेछु। किन? किनकि मेरो मन्दिर
नष्ट भएकोछ, तर तिमीहरूलाई आफ्नो आफ्नो घरको
मात्र चिन्ता छ। १०यसकारण, आकाशबाट शीत झर्न
बन्द भएकोछ, र यही कारण भूमिले अन्न उब्जाउन
बन्द गरेकोछ, यी सबै तिमीहरूको कारणले भएको
हो।" ११परमप्रभु भन्नुहुन्छ, "मैले पृथ्वी, पहाड़हरू,
अन्न, नयाँ दाखरस, भद्राक्षको तेल अनि सबै ती
चीजहरू जुन पृथ्वीमा उम्रन्छन् मानिसहरूका र
परिश्रमीमाथि खड़ेरी पर्न आदेश दिएको छु।"

## नयाँ मन्दिरको कार्य आरम्भ

१२तब शालतीएलका छोरा यरूबाबेल अनि
यहोसादाकको छोरा महायाजक यहोशूले सबै बाँचेका
मानिसहरूसंग आफ्नो परमप्रभु परमेश्वरको सन्देश अनि
उहाँले पठाएउनु भएको अगमवक्ता हाग्गैको वचन
स्वीकार गरे अनि मानिसहरू आफ्नो परमेश्वर परमप्रभुसंग
डराउन थाले।

१३परमप्रभु परमेश्वरको सन्देशवाहक हाग्गैले
मानिसहरूलाई परमप्रभुको सन्देश सुनाए। परमप्रभुले
भन्नुभयो, "म तिम्रो साथमा छु।"

१४तब परमप्रभु परमेश्वरले शालतीएलका छोरा
यहूदाका राज्यपाल यरूबाबेललाई उत्तेजित गर्नुभयो
अनि परमेश्वर परमप्रभुले यहोसादाकका छोरा यहोशूलाई
पनि आत्मामा उत्तेजित गर्नुभयो अनि परमप्रभु परमेश्वरले
बाँकी सबै मानिसहरूलाई प्रेरित गर्नुभयो। तब तिनीहरू
आए अनि तिनीहरूका सर्वशक्तिमान परमप्रभु परमेश्वरको
मन्दिर निमार्णको काम गर्न थाले। १५उनीहरूले यो
कार्य राजा दाराको दोस्रो बर्षको छैठौं महिनाको
चौबिसौं दिनमा शुरु गरे।

## परमप्रभुले मानिसलाई उत्तेजित पार्न थाल्नुभयो

**२** सातौं महिनाको एक्काइसौं दिनमा परमप्रभुबाट यो
वचन हाग्गैकहाँ आयो। २वचनमा भनिएको थियो,
"अब यहूदाका शासक शालतीएलका छोरा यरूबाबेल,
यहोसादाकका छोरा महायाजक यहोशू अनि जो जति
मानिसहरू बाँचेका छन्। उनीहरूसंग कुरा गर अनि
भन: ३"के तिमीहरू मध्ये कोही त्यस्तो मानिस बाँचेकोछ,
जसले त्यस मन्दिरको आफ्नो पहिलाको महिमा देखेको
थियो। अब तिमीलाई कस्तो लागिरहेछ? यो क भयो,
यो मन्दिर पहिलाको खण्ड जस्तो देखिन्छ! वा तुलना
गर्न सकिन्छ? ४तर यरूबाबेल, 'अब तिमी साहसी
बन!' परमप्रभु यसो भन्नु हुन्छ, 'यहोसादाकका छोरा
महायाजक यहोशू, तिमी पनि साहसी बन अनि सबै
जातिका मानिसहरू तिमीहरू पनि साहसी बन!' परमप्रभु
यसो पनि भन्नु हुन्छ। काम गर! किनभने म तिमीहरूसंग
छु।" परमप्रभु सर्वशक्तिमान यसो भन्नुहुन्छ।

५परमप्रभु भन्नुहुन्छ, "जहाँ सम्म मेरो भाकलको
कुरा छ, जुन मैले तिमीहरूसंग मिश्र देशबाट बाहिर
निस्केको समयमा भनेको थिएँ, नडराऊ मेरो आत्मा

तिमीसित छ। ६किन? किनभने सर्वशक्तिमान परमप्रभु
यसो भन्नुहुन्छ, एकपल्ट फेरि म चाँड़ै नै पृथ्वी अनि
आकाश, समुद्र अनि सुक्खा जमीन सबैलाई थर्रथर
कमाउनेछु। ७म सबै जातिहरूलाई कमाईदिन्छु अनि ती
सबै जातिहरू आफ्नो धन सम्पत्तिसंगै तिमीकहाँ आउनेछन्।
तब म यो मन्दिर गौरवले भरिदिनेछु। सर्वशक्तिमान
परमप्रभु यसो भन्नुहुन्छ। ८तिनीहरूको चाँदी मेरो हो,
तिनीहरूको सुन मेरो हो। सर्वशक्तिमान परमप्रभु यसो
भन्नुहुन्छ, ९यस मन्दिरको गौरव पहिलाको गौरव भन्दा
ज्यादा हुनेछ। सर्वशक्तिमान परमप्रभुले यसो भन्नुहुनेछ;
यस ठाँउमा म शान्ति स्थापित गर्नेछु, सर्वशक्तिमान
परमप्रभु यसो भन्नुहुन्छ।"

### कार्य आरम्भ भयो आशीर्वाद आउँनेछ

१०फारसका राजा दाराको दोस्रो वर्षको नवौं महिनाको
चौबिसौं दिनमा यो वचन परमप्रभुबाट अगमवक्ता हाग्गै
कहाँ आयो। ११सर्वशक्तिमान परमप्रभुले तिमीहरूलाई
आज्ञा गर्नुहुन्छ, पूजाहारीहरूलाई सोध, व्यवस्थाले यस
विषयमा के भन्छ। १२"मानिलेऊ, एउटा मानिसले
उसको लपेटामा पवित्र मासु लिएर गयो, यो मासु
बलिको भाग हो, यसकारण यो संभव छ जसको
लपेटामा पवित्र मासु छ, के यदि ती लुगाले रोटी या
पाकेको भोजन, दाखरस, तेल अथवा कुनै अन्य
भोजनलाई छुयो भने, ती चीजहरू पवित्र हुन्छ?"

पूजाहारीले उत्तर दियो, "अँह।"

१३त्यसबेला हाग्गैले भने, "यदि एउटा मानिसले
मुर्दालाई छुयो भने के त्यो अशुद्ध हुन्छ?"

अनि ती पूजाहारीहरूले उत्तर दिए, "त्यो अशुद्ध
हुनेछ।" १४तब हाग्गैले भने, "परमप्रभु परमेश्वर भन्नु
हुन्छ, 'मेरो सामने यी मानिसहरू प्रति अनि यो राष्ट्र
प्रति त्यही नियम छ। तिनीहरूले जे गर्छन अनि आफ्नो
हातले जे दिन्छन् त्यो अशुद्ध हो।
१५तर अब विचार राम्ररी सोच्नु होस, परमप्रभुको
मन्दिरमा अघि एउटा ढुङ्गा माथि अर्को ढुङ्गा राखिएको
थियो? १६त्यस समय बीस मुरी लिन आउने मानिसले
दश मुरी मात्र पाउँथ्यो। दाखरसको कोलबाट पचास
पाथी झिक्न आउनेले बीस पाथी मात्र पाउँथ्यो।
१७मैले तिमीहरूका उद्भिदहरूमा ल्याएँ तिमीहरूको
हातले बनाएको चीजहरू नष्ट पार्न असिना पठाएँ, तरै
पनि तिमीहरू म तिर फर्केनौ।' परमप्रभुले यसो भन्नु
भयो।"

१८परमप्रभु भन्नुहुन्छ, "अबदेखि उसो विचार गर
अर्थात नवौं महिनाको चौबिसौं दिन देखि जुन दिन
मन्दिरको जग बसालेको थियो सोच।

१९"के बीउहरू अब भकारीमा छन्? के दाखको
बोट, नेभाराको बोट, दारिम र भद्राक्षको बोटले अहिले
सम्म फल दिएको छैन? अहँ! तर आजदेखि म
तिमीलाई आशिष दिनेछु।"

२०अनि त्यही महिनाको चौबिसौं दिनमा हाग्गैलाई
दोस्रो पल्ट परमप्रभुको वचन प्राप्त भयो। वचनमा
भनिएको थियो,

२१"यहूदाका राज्यपाल यरूबाबेललाई भन, म
आकाश अनि पृथ्वीलाई हल्लाउनेछु।

२२अनि म राज्यहरू र सिंहासन उठाएर फ्याँकि
दिनेछु। म राजधानीहरूको शक्ति ध्वंश पार्नेछु अनि
रथहरू र सारथीहरूलाई पल्टाइदिनेछु। घोड़ा अनि
त्यसको घोड़सवार पनि लड़नेछन्, अनि दाज्यू-भाइमा
दुश्मनी हुनेछ। तिनीहरू एक अर्कामा तरवारहरूले
मारिनेछन्।

२३सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, म त्यस दिन
शालतीएलका छोरा, आफ्नो सेवक यरूबाबेललाई लिन्छु।
परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, "अनि म तिमीलाई
छाप लगाउने औंठी बनाउने छु। किन? किनभमे मैले
तिमीलाई रोजेकोछु।"

सर्वशक्तिमान परमप्रभुले यी सबै कुरा भन्नु भयो।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**
- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from:
http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from:
http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html